गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७७ साल चैत २५ गते बुधबार
2021 April 7 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **नेपाल दूरसञ्चार प्राधिकरणले विदेशी वायुसेवा कम्पनीहरूले नेपाली आकाशमा उडान गर्दा दूरसञ्चार सेवा उपयोग गर्न पाउनेसम्बन्धी निर्णय कहिले गरेको हो ?**
✍ विक्रम संवत् २०७७ चैत ९ ।
- नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल नागरिक उड्डयन प्राधिकरणसँगको समन्वयमा सो सेवा उपलब्ध गराउने निर्णयसँगै नेपाली आकाशमा विदेशी एयरलायन्सले इन्टरनेट तथा मोबाइल फोनको प्रयोग गर्न पाउने भएका ।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आईकाओ)बाट अनुमतिप्राप्त एयरलायन्सले सो सुविधा प्राप्त गर्ने ।
- नेपालका आन्तरिक वायुसेवाप्रदायकले भने यस्तो सुविधा उपलब्ध गराउन पाउने छैनन् ।
- दूर सञ्चार प्राविधिकरणका अनुसार नेपाली आकाशमा प्रवेश गर्ने र नेपाली आकाश हुँदै बाहिरिने अवस्थामा नेपालको सीमाभित्र एयरलायन्सहरूले इन्टरनेट उपभोग गर्न सक्नेछन् । १० हजार फिटभन्दा कम उचाइमा जहाज उडान र अवतरणको तयारी चरणमा रहने र उक्त उचाइभन्दा कम अवस्थामा इन्टरनेट उपलब्ध गराउँदा स्थानीय दूरसञ्चार सेवाप्रदायकको सेवामा असर पर्न सक्ने भएकाले यो उचाइ कायम गरिएको प्राधिकरणले जनाएको ।

२. **सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि कति रकम घोषणा गरेको छ ?**
✍ पाँच अर्ब ६ करोड ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७ चैत १९ मा प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष पेश गरेको प्रतिवेदनमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनमा लैजाने घोषणा गरिएको ।
- सरकारले गत वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको घोषणा गरे पनि कोरोना महामारीका कारण यो कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन ।
- मन्त्रालयका अनुसार ४ हजार २५० सामुदायिक विद्यालयले ६ लाख ५० हजार देखि १ करोड रुपियाँसम्म पाउन सक्ने प्रतिवेदनमा उल्लेख गरिएको ।

३. **राष्ट्रिय अपराध सूचना केन्द्रको उद्देश्य के रहेको छ ?**
✍ देशभरका सम्पूर्ण अपराधको एकीकृत तथ्याङ्क राख्ने
- नेपालमा पहिलोपटक सबै निकायबाट हुने अपराधको अभिलेखलाई व्यवस्थित बनाउने योजनाअन्तर्गत नेपाल प्रहरीद्वारा राष्ट्रिय अपराध सूचना केन्द्र स्थापना गरिने भएको । कार्य तथा अपराध अनुसन्धान विभागअन्तर्गत यस्तो केन्द्र स्थापना गर्न लागिएको ।
- यसले अपराधमा संलग्न व्यक्तिको सूचना आदान-प्रदानमा सहजता हुने विश्वास गरिएको ।
- प्रहरीका अनुसार राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अध्यागमन विभागजस्ता निकायबाट मुद्दा दायर भएका व्यक्तिको समेत एकीकृत तथ्याङ्क राखिनेछ । यसबाट एउटा निकायले खोजिरहेका व्यक्ति अन्य निकायको अनुसन्धानका क्रममा रहेकोसमेत हुन सक्ने भएकाले अनुसन्धान गर्ने निकायलाई सहज हुने बताइएको ।

४. **२०७७ चैत २० को मन्त्रिपरिषद बैठकले विज्ञापन बोर्डको अध्यक्षमा कसलाई नियुक्त गर्ने निर्णय गऱ्यो ?**
✍ लक्ष्मण हुमागाईं ।

५. **बैतडीको सिगासमा पत्ता लागेको फलामखानीबाट फलाम उत्खननको कार्य कहिलेदेखि सुरु गरियो ?**
✍ विसं २०७७ चैत ८ ।

६. **विश्व बैङ्कले दक्षिण एसियाको अर्थतन्त्रबारे २०७७ चैत १८ मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/०७८ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**
✍ २.७ प्रतिशत ।
- आफ्नो अघिल्लो प्रक्षेपणलाई संशोधन गर्दै विश्व बैङ्कले आव २०७७/०७८ मा नेपालको आर्थिक वृद्धिदर २.७ प्रातशत पुग्ने जनाएको ।
- यसअघि जनवरीमा बैङ्कले वृद्धिदर केवल २.१ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको थियो । बैङ्कले गत आवमा भने नेपालको वृद्धिदर १.९ प्रतिशतले ऋणात्मक हुन पुगेको उल्लेख गरेको ।
- प्रतिवेदनअनुसार दक्षिण एसियाली राष्ट्रहरूमध्ये आव २०२१/२२ मा भारतको आर्थिक वृद्धिदर उच्च (१० प्रतिशत) रहने अनुमान गरिएको,
- समग्र दक्षिण एसियाको वृद्धिदर सन् २०२० मा माइनस ५.४ रहेको उल्लेख गर्दै यस क्षेत्रको सन् २०२१ मा भने ७.२ प्रतिशतको वृद्धिदर कायम हुने प्रक्षेपण रहेको ।

७. **राष्ट्रिय योजना आयोगले कतिवटा औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिएको छ ?**
✍ ३ (कञ्चनपुरको दैजी-छेला, बाँकेको नौबस्ता र मकवानपुरको मयुरधाप)
- आयोगको २०७७ चैत ९ को बैठकले ती औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिँदै स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयको सहमति माग गर्ने निर्णयसमेत गरिएको ।
- यी औद्योगिक क्षेत्र आयोगको आयोजना बैङ्कमा समेत समावेश भएका छन् ।
- आयोगले बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड-२०७७ अनुसार ती औद्योगिक क्षेत्रलाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन स्वीकृति दिएको ।
- ५० करोड रुपियाँभन्दा बढी लागत अनुमान भएका तथा निर्माण सम्पन्न गर्न दुई वर्षभन्दा बढी समय लाग्ने आयोजनालाई बहुवर्षीय आयोजनाका रूपमा अघि बढाइने मादण्डमा उल्लेख रहेको ।

८. **प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने संवैधानिक निकाय कुन हो ?**
✍ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ।

९. **कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्ने उद्देश्यले गाउँपालिकामा गठित न्यायिक समितिको संयोजक को हुने व्यवस्था छ ?**
✍ गाउँपालिकाको उपाध्यक्ष (नगरपालिकामा उपप्रमुख संयोजक रहने ।)

१०. **इन्स्टिच्युट फर इकोनोमिक्स एन्ड पिसद्वारा सार्वजनिक ग्लोबल टेरोरिजम इन्डेक्स-२०२० अनुसार नेपाल कतिऔँ स्थानमा रहेको छ ?**
✍ २७औँ ।

११. **स्टयान्डर्ड चार्टर्ड बैङ्क नेपाल लिमिटेडलाई पहिले के नामले चिनिन्थ्यो ?**
✍ नेपाल ग्रिन्डलेज बैङ्क लिमिटेड ।



१२. **युएनओ बडापत्रमा कति धारा रहेका छन् ?**
✍ १११ ।

१३. **पशुपतिमा भट्ट पुजारी राख्ने चलन चलाउने राजा को हुनुहुन्थ्यो ?**
✍ यक्ष मल्ल ।

१४. **तामाको पैसा प्रचलनमा ल्याउने राजा को हुनुहुन्थ्यो ?**
✍ रत्न मल्ल ।

१५. **भेल्भेट क्रान्ति कुन देशसँग सम्बन्धित छ ?**
✍ चेकोस्लोभाकिया (सन् १९८९) ।
- (त्यस्तै, ओरेन्ज क्रान्ति : युक्रेन, लोटस क्रान्ति : इजिप्ट, बुल्डोजर क्रान्ति : सर्बिया, पिङ्क रिभोलुसन : किर्गिस्तानसँग सम्बन्धित रहेका ।)

१६. **गोल्डमाइन भनी केलाई चिनिन्छ ?**
✍ मुनाफायुक्त उद्योग ।

१७. **अरब लिगको मुख्यालय इजिप्टको कायरोमा रहेको छ भने अफ्रिकी एकता सङ्गठन (ओएयु)को मुख्यालय कहाँ रहेको छ ?**
✍ आदिसअवावा (इथियोपिया) ।

१८. **बिट्क्वाइनको सुरुवात कहिले र कुन देशबाट भएको हो ?**
✍ सन् २००९ जनवरी, जापान ।
- बिट्क्वाइन एकप्रकारको भर्चुअल मुद्रा हो, यो कुनै क्वाइन अर्थात् नोट होइन ।
- यसलाई अनलाइन करेन्सी तथा क्रिप्टोकरेन्सी पनि भनिन्छ ।
- ओपनसोर्स सफ्टवेयरमा आधारित यो अभौतिक मुद्रालाई वास्तविक मुद्रा भुक्तानी गरी किन्नुपर्ने हुन्छ ।
- इन्टरनेटबाट एप्लिकेसन डाउनलोड गरी मोबाइल वा कम्प्युटरमा इन्स्टल गरेर त्यसमा बिट्क्वाइनलाई राख्ने गरिन्छ ।
- अनलाइन कारोबार गरिने यसको प्रयोग अनलाइन सपिङ, विनाबैङ्क लेनदेन गर्न तथा गैरकानुनी ट्रान्जेक्सन आदिमा हुन्छ ।

१९. **बहुप्रतीक्षित मेलम्ची खानेपानी आयोजनाको खानेपानी वितरण कार्यक्रम राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा औपचारिक रूपमा सुरुवात कहिले गरियो ?**
✍ विसं २०७७ चैत २० ।
- काठमाडौँमा वितरण भएको ६ दिनपछि मेलम्ची खानेपानीको औपचारिक रूपमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा भृकुटीमण्डपको ढुङ्गेधारामा मेलम्चीको पानी धारा खोलेर उद्घाटन गरिएको ।
- मेलम्चीको पानी आएपछि उपत्यकाको जलाधार क्षेत्रको प्रदूषण न्यूनीकरणका साथै जमिनमुनिको पानीको अत्यधिक दोहनलाई कम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको ।

२०. **वैदेशिक ऋण लिने वा नलिनेसम्बन्धमा ग्रीसमा जनमतसङ्ग्रह कहिले भएको थियो ?**
✍ सन् २०१५ जुन ५ ।
- त्यस्तै, ईयूमा रहने वा अलग हुने भन्ने विषयमा बेलायतमा सन् २०१६ जुन २३ मा जनमतसङ्ग्रह भएको ।
- संवैधानिक सुधारका विषयमा इटालीमा सन् २०१६ डिसेम्बर ४ मा जनमतसङ्ग्रह भएको । टर्कीमा राष्ट्रपतिको अधिकारका सम्बन्धमा सन् २०१७ अप्रिल १६ मा जनमतसङ्ग्रह भएको ।

२१. **क्लोरिन ग्यासको खोजकर्ता को हुन् ?**
✍ कार्ल-विलहेल्म सीले (सन् १७७४) ।
- (हरित पहेँलो रङ मिश्रित यो ग्यास औद्योगिक क्षेत्रमा प्रयोग हुन्छ साथै विषालु ग्यास हतियार बनाउनसमेत प्रयोग गरिन्छ ।)

२२. **नारायणहिटी दरबार सङ्ग्रहालय परिसरमा निर्मित गणतन्त्र स्मारकको उद्घाटन कहिले गरिएको हो ?**
✍ विसं २०७६ जेठ १५ ।

२३. **राष्ट्रिय परिचयपत्र प्राप्त गर्नका लागि कति वर्ष उमेर पूरा भएको हुनुपर्छ ?**
✍ १६ वर्ष ।

२४. **अन्तरसरकारी वित्त परिषद्को पहिलो बैठक कहिले बसेको हो ?**
✍ विसं २०७५ वैशाख २४ ।

२५. **सबैभन्दा धेरैपटक भिटो प्रयोग गर्ने राष्ट्र कुन हो ?**
✍ रूस ।
- (भिटो प्रयोग गर्नेमा दोस्रो अमेरिका र तेस्रो बेलायत रहेका ।)

२६. **नेपालमा पहिलो निर्वाचन दिवस कहिले मनाइयो ?**
✍ विसं २०७४ फागुन ७ ।

२७. **प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिर कहाँ रहेको छ ?**
✍ काठमाडौँ ।
- (पितृतीर्थका रूपमा समेत प्रख्यात गोकर्णेश्वर महादेव मन्दिर काठमाडौँदेखि करिब १० किलोमिटर उत्तर-पूर्व बागमती नदीकिनारमा रहेको ।)



२८. **सङ्कटमा परेका विभिन्न प्रजातिका जीवजन्तुको सूची कसले प्रकाशित गर्छ ?**
✍ आईयूसीएन ।

२९. **स्क्रब टाइफस रोग पहिलोपटक कहिले र कुन देशमा पहिचान भएको हो ?**
✍ सन् १९३०, जापान ।
- (नेपालमा यो रोग पहिलोपटक सन् २००४ मा पहिचान भएको ।)

**प्रस्तुतकर्ता : टंक के.सी.**

## विषयगत प्रश्नोत्तर

# वित्तीय विवरणको महत्त्व




१. **वित्तीय विवरण भनेको के हो ? यसअन्तर्गत के-के पर्छन् ? सङ्क्षेपमा चर्चा गर्दै वित्तीय विवरणको महत्त्वबारे लेख्नुहोस् ।**
✍ कुनै निश्चित अवधिमा संस्था वा व्यवसायमा भएका कार्यसम्पादन परिणाम र सो अवधिको अन्त्यको यथार्थ आर्थिक अवस्था देखाउन तयार गरिने विवरणलाई वित्तीय विवरण भनिन्छ । यो व्यवसाय वा संस्थाको कार्यप्रगति विवरण हो । यसबाट संस्था वा व्यवसायको कार्यसम्पादन मूल्याङ्कन गर्न सकिन्छ । यसले सेयरधनी लगानीकर्ता, प्रबन्धकर्ता, साहु, कर्मचारी, कर्मचारी ट्रेड युनियन, सरकार तथा अन्य सरोकारवालालाई आवश्यक पर्ने सूचना प्रदान गर्छ ।
● **वित्तीय विवरणअन्तर्गत पर्ने पक्ष :**
- **कुनै पनि संस्था वा व्यवसायको वित्तीय विवरणले निम्नपक्षलाई समेटेको हुन्छ :**

क. **नाफानोक्सान खाता/आय विवरण :**
- कुनै निश्चित अवधिमा संस्था वा व्यवसायले गरेको खुद नाफा वा खुद नोक्सान पत्ता लगाउन तयार गरिने खाता नाफा-नोक्सान खाता हो । यसले कुनै निश्चित अवधिको आय र व्ययको समष्टिगत अवस्था देखाउने भएकाले यसलाई आय विवरण पनि भनिन्छ । डेबिट र क्रेडिटको नियमअनुसार तयार गरिने यस खाताबाट प्राप्त खुद नाफा वा खुद नोक्सान वासलातमा सारेर यो खाता बन्द गरिन्छ ।

ख. **वासलात :**
- कुनै संस्था वा व्यवसायको आर्थिक स्थिति (सम्पत्ति, दायित्व, पुँजी)को यथार्थ जानकारी दिन तयार गरिने वित्तीय विवरण वासलात हो । यो प्रत्येक वर्षको अन्त्यमा नाफा-नोक्सान खाता बनाएपछि बनाइने एक कानुनी मान्यताप्राप्त विवरण हो । आर्थिक वर्षको अन्तिम दिन तयार गरिने यस विवरणको दायाँतर्फ सम्पत्ति र बायाँतर्फ दायित्व देखाउनुपर्छ । यी दुई पक्ष बराबर हुन्छन् । यो खाता नभई आर्थिक स्थितिको विवरणपत्र भएकाले यसमा डेबिट र क्रेडिट पक्ष हुँदैनन् ।

ग. **नगद प्रवाह विवरण :**
- कुनै संस्था वा व्यवसायको निश्चित अवधिमा नगद प्राप्ति र भुक्तानीको जानकारी दिन तयार गरिने विवरण नगद प्रवाह विवरण हो । यो संस्था वा व्यवसायको नगद प्रवाहको जानकारी दिने वित्तीय विवरण हो । संस्था वा व्यवसायमा कुन-कुन स्रोतबाट नगद प्राप्ति भयो र त्यसको प्रयोग कहाँ-कहाँ भयो भन्ने जानकारीका लागि यसको आवश्यकता पर्छ । प्रोदभावी लेखा प्रणाली अवलम्बन गरेर तयार गरिने यो विवरण नगद कारोबारको सारांश हो । यसले नगद सम्बन्धमा निर्णय गर्न आधार प्रदान गर्छ ।

● **वित्तीय विवरणको महत्त्व**
- संस्था वा व्यवसाययको विगत र वर्तमान अवस्था समीक्षा गर्दै भविष्यका लागि योजना बनाउनेलगायतका समग्र कार्यमा वित्तीय विवरणले बहुआयामिक महत्त्व राख्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- सरोकारवालासमक्ष वास्तविक आर्थिक अवस्था प्रस्तुत गर्छ ।
- लगानीकर्तालाई लगानीसम्बन्धी निर्णय गर्न आधार प्रदान गर्छ ।
- संस्था वा व्यवसायको नाफा-नोक्सान, सम्पत्ति एवम् दायित्वको यथार्थ अवस्थाको चित्रण गर्छ ।
- संस्था वा व्यवसायप्रति सबै सरोकारवालाको विश्वास अभिवृद्धि गर्न सहयोग गर्छ ।
- संस्था वा व्यवसायको समग्र कार्यसम्पादनको मूल्याङ्कन गर्न सूचना प्रवाह गर्छ ।
- संस्था वा व्यवसायको नाफा आर्जन क्षमता विश्लेषण गर्न मद्दत गर्छ ।
- संस्था वा व्यवसायमा नगद प्रवाहको अवस्था यकिन गर्न आधार प्रदान गर्छ । विगत र वर्तमानको विवरण विश्लेषण गरी भावी रणनीति तथा कार्यक्रम तयार गर्न तथ्याङ्क उपलब्ध गराउँछ ।

२. **भन्सार कार्यालयमा भन्सार एजेन्टको भूमिकाबारे लेख्नुहोस् ।**
✍ नेपालमा भन्सार विभागले समय-समयमा सार्वजनिक सूचना प्रकाशन गरी भन्सार एजेन्टको इजाजतपत्र लिन इच्छुक व्यक्तिका लागि दरखास्त माग गरेर लिखित परीक्षा तथा अन्तर्वार्ताको माध्यमद्वारा दरखास्तवालामध्येबाट भन्सार एजेन्टको इजाजतपत्र दिन उपयुक्त व्यक्तिको छनोट गरी भन्सार एजेन्टको इजाजतपत्र दिने व्यवस्था भन्सार ऐन-२०६४ र नियमावली-२०६४ ले गरेको छ । कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सारमा मालवस्तु जाँचपास गराउन तथा भन्सार कार्यालयसँग सम्बन्धित कार्य गराउन भन्सार विभागबाट इजाजतपत्र प्राप्त भन्सार एजेन्टमध्येबाट कुनै भन्सार एजेन्ट नियुक्त गर्न सक्छन् । यसरी नियुक्त भन्सार एजेन्टले मालवस्तुको मालिक भएसरह भन्सारमा कानुनी व्यवहार गर्छन् । निकासीकर्ता वा पैठारीकर्ताको प्रतिनिधि भएर कार्य गर्ने भन्सार एजेन्टको भन्सार कार्यालयमा बहुआयामिक भूमिका हुन्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- निकासी तथा पैठारी हुने मालवस्तुको सही र यथार्थ घोषणा गर्ने,
- वास्तविक कारोबार मूल्य घोषणा गर्दै मालवस्तु जाँचपास गर्न भन्सार प्रज्ञापनपत्र फाराम भर्ने,
- मालवस्तु जाँचपास गर्नका लागि मालवस्तुको प्रज्ञापनपत्र, बिलविजक तथा आवश्यक कागजात संलग्न गरी भन्सार अधिकृतसमक्ष पेश गर्ने,
- मालवस्तुको मालिकको प्रतिनिधि भई मालवस्तुमा लागेको राजस्व दाखिला गरेर मालवस्तु जाँचपास गराउने, भन्सार ऐन नियमको पूर्ण पालना गर्ने,
- भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्न भन्सार कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउने,
- भन्सार महसुललगायत अन्य राजस्व असुली गर्ने कार्यमा भन्सार कार्यालयलाई मद्दत गर्ने,
- भन्सार कार्यालयमा बाधा-अवरोध पुग्ने कुनै पनि कार्य नगर्ने,
- भन्सार अधिकृत र निकासी पैठारीकर्ताबीच असल सम्बन्ध विकास गर्न सहयोग गर्ने, निकासी पैठारीकर्तालाई भन्सार कार्यालयका सूचना प्रवाह गर्ने,
- भन्सार एजेन्ट भन्सार कार्यालयमा आफैँ उपस्थित भई काम गर्ने, कुनै कारणवश आफैँ उपस्थित भई काम गर्न नसक्ने भएमा बढीमा दुईजना व्यक्तिलाई आफ्नो प्रतिनिधिका रूपमा नियुक्ति गर्नका लागि भन्सार प्रमुखसमक्ष निवेदन दिन सक्ने, यसरी भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भएको व्यक्तिले एउटा भन्सार कार्यालयमा मात्र मर्न पाउने ।

३. **नेपालको निजामती प्रशासनमा विद्यमान सरुवा प्रणालीका सकारात्मक र नकारात्मक पक्षको विवेचना गर्दै सरुवा प्रणालीलाई सङ्गठन र कर्मचारी दुवैको हितअनुकूल बनाउन कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् ।**
✍ निजामती प्रशासनमा कार्यरत कर्मचारीलाई ठाउँको हेरफेर गरी समान किसिमकै कार्य गराउने पद्धति सरुवा हो । यसमा कर्मचारीको तलब, सुविधा, काम एवम् जिम्मेवारीमा खासै परिवर्तन हुँदैन । कार्यालयको स्थानमात्र परिवर्तन हुन्छ । सङ्गठनको स्वरूप, कार्यप्रकृति तथा भौगोलिक अवस्थितिअनुरूप सरुवा हुने गर्छ । यो निजामती प्रशासनको एक नियमित कार्य हो । नेपालको निजामती प्रशासनमा विद्यमान सरुवा प्रणालीलाई व्यवस्थित गर्न निजामती सेवा ऐन-२०४९ र नियमावली-२०५० लागू गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूहसँग सम्बन्धित मन्त्रालयले सरुवाको कार्य गर्दै आएका छन् । सरुवामा भएको यस कानुनी र संस्थागत व्यवस्था आफैँमा एउटा सबल पक्ष हो । नेपालको निजामती प्रशासनमा विद्यमान सरुवा प्रणालीका सकारात्मक र नकारात्मक पक्षलाई निम्नअनुसार विवेचना गर्न सकिन्छ :
● **सकारात्मक पक्ष :**
- देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउनेगरी सरुवा व्यवस्थित गरिएको,
- सरुवाको समय-तालिका, सरुवाका आधार तथा सरुवा गर्ने पदाधिकारी स्पष्ट तोकिएको, अन्तरमन्त्रालय/विभाग/कार्यालयको सरुवा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने व्यवस्था,
- लेखा समूहको सरुवा महालेखा नियन्त्रकको कार्यालयले गर्ने,
- सचिवको सरुवा वा पदस्थापन सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा रहेको समितिको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था,
- सचिव र सहसचिवको सरुवाबाहेक अन्य कर्मचारीको सरुवा समय-तालिकाबमोजिम वर्षको एकपटक सरुवापत्रमा सरुवा अवधि तोकेर सरुवा गर्नुपर्ने व्यवस्था,
- सरुवा अवधि नपुग्दै सरुवा गर्नुपरेमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्थाले सरुवालाई स्थिर बनाएको,
- भौगोलिक क्षेत्रलाई दुर्गम हुँदै सुगम क्रमशः क, ख, ग र घ वर्गमा विभाजन, दुर्गम क र ख वर्गमा कम्तीमा डेढ वर्ष र सुगम ग र घ वर्गमा कम्तीमा दुई वर्ष अवधि तोकिएको,
- मागेको अवस्थामा बाहेक ५० वर्ष उमेर पुगेकोलाई क वर्गको दुर्गम क्षेत्रमा सरुवा नगरिने व्यवस्था,
- उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि भएकालाई मागेको अवस्थामा बाहेक सरुवा नगरिने व्यवस्था,
- पति-पत्नी दुवै सरकारी सेवामा भए मिलेसम्म एउटै जिल्लामा पठाइने, घरपायक सरुवामा जोड, (कार्यालय सहयोगी, खरिदार र नासुसम्म)
- सरुवाको उजुरी व्यवस्था, सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा भए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र अन्य निकायले गरेको सरुवा भए सामान्य प्रशासन मन्त्रालयमा उजुरी दिन सकिने,
- कानुनविपरीत सरुवा गर्नेलाई विभागीय कारबाही हुने, सामान्य प्रशासन मन्त्रालयले त्यस्तो सरुवा रद्द गर्ने, सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा भए मन्त्रिपरिषद्ले रद्द गर्ने, यस व्यवस्थाले निष्पक्ष सरुवामा जोड दिइएको ।
● **नकारात्मक पक्ष :**
- सरुवाका आधार छिटोछिटो परिवर्तन हुने गरेको, आधार खुलाएर सरुवा गर्ने नगरिएको,
- वर्षको एकपटक सरुवा व्यवस्थाले सङ्गठन र कर्मचारी दुवैको आवश्यकता पूरा हुन नसकेको,
- सरुवा प्रणाली स्वचालित हुन नसकेको,
- दुर्गम सरुवालाई बढुवामा अङ्क प्राप्तिमा मात्र सीमित गरिएको,
- कार्यालय प्रमुखको पदमा सरुवा गर्दा नेतृत्व क्षमता, निर्णय क्षमता, अनुशासन तथा आचरणमा जोड नदिइएको,
- सरुवालाई दण्ड सजाय दिने माध्यम बनाइएको, सरुवामा निर्णयकर्ताको भूमिका स्वविवेकीय भएकाले आफ्नो र पराई भनेर विभेदसमेत गर्ने गरिएको,
- सरुवा प्रणाली पारदर्शी छैन, जसले गर्दा सरुवामा व्यापक भनसुन तथा कतै-कतै त आर्थिक चलखेल समेत भएको सुन्नमा आउने गरेको,
- सरुवासम्बन्धी भएका कानुनी व्यवस्था पालनाको कमी भएको,
- मन्त्रालय तथा विभागको सरुवामा आपसी समन्वय हुन नसकेको,
- सचिव र सहसचिव पदको सरुवा अस्थिर र अव्यवस्थित हुने गरेको, छिटोछिटो सरुवाले नीति, निर्णय, नेतृत्व कार्यमा असर पुगेको,
- दुईवर्षे सरुवा पद्धतिले कतिपय कार्यालयमा लामो समयसम्म कर्मचारीको अभाव हुने गरेको,
- वृत्तिविकासका बहुआयामिक पक्षमा सरुवालाई प्रयोग नगरिएको,
- सरुवामा पूर्वसूचना पद्धति लागू नगरिएको,
- प्रदेश र स्थानीय तहमा सरुवा पद्धति समन्वयात्मक हुन नसकेको ।
- सरुवा प्रणालीलाई सङ्गठन र कर्मचारी दुवैको हितअनुकूल बनाउने उपाय
- सरुवाका आधार प्रस्ट गर्ने, सरुवा गर्ने पदाधिकारीको स्वविवेकीय अधिकार सीमित गर्ने,
- सरुवामा प्रश्न उठेमा तुरुन्त छानबिन गर्ने, सरुवा गर्नेलाई कारबाही गर्ने,
- कार्यालयमा पद रिक्त हुँदा नै सरुवा गर्ने व्यवस्था गरी नियमित कर्मचारी आपूर्तिको व्यवस्था मिलाउने,
- सचिव, सहसचिव तथा कार्यालय प्रमुखको पदमा सरुवा गर्दा नेतृत्व क्षमता, निर्णय क्षमता, अनुशासन, आचरण, विकास तथा सेवा प्रवाहमा सहजीकरणलगायतका पक्षको मूल्याङ्कन गरेर सरुवा गरी विकास, सुशासन तथा अनुशासन कायम गर्ने,
- विगतका कार्यालय र स्थानका आधारमा आगामी दुईवटा कार्यालय पहिचान गरी अग्रिम सरुवा प्रणाली लागू गरेर सरुवालाई स्वचालित बनाउने, कार्यसम्पादन सम्झौताअनुरूप नतिजा प्राप्त हुन नसकेमा त्यसलाई सरुवासँग आबद्ध गर्ने,
- कार्यसम्पादनमा अब्बल भएका उच्च मनोबलयुक्त कर्मचारीलाई दुर्गम क्षेत्रमा सरुवा गरी विकास तथा सेवाप्रवाह क्षमता बढाउने,
- प्रदेश र स्थानीय तहमा रहेका सङ्घीय निजामती सेवाका पदको सरुवा गर्दा सम्बन्धित तहसँगको समन्वयमा मात्र सरुवा गर्ने,
- अन्तरमन्त्रालय तथा विभागको सरुवामा सम्बन्धित मन्त्रालय/विभागको सहमति लिएर सरुवा गर्ने, दक्ष एवम् अनुभवी कर्मचारी सम्बन्धित निकायमा टिकाइराख्ने व्यवस्था गर्ने,
- सरुवामा राजनीतिक नेतृत्वले हस्तक्षेप नगर्ने, मन्त्री र सचिवको प्रस्ट कार्यविभाजन गरी सरुवामा थप प्रस्टता ल्याउने,
- सम्बन्धित कर्मचारीको माग र संस्थाको आवश्यकता मिलान हुने गरी सकेसम्म सरुवा प्रणालीलाई पारदर्शी एवम् भरपर्दो बनाउने, माग गरेको स्थानमा सरुवा दिन हुँदैन भन्ने मानसिकताको अन्त्य गर्ने,
- सरुवामा सूची सम्बन्धित मन्त्रालयको वेबसाइटमा राखेर सार्वजनिक गर्ने, एक हप्ताको समयसम्म परिपक्व हुन दिने, कहीँ कतै गुनासो वा उजुरी भएमा तुरुन्त सम्बोधन गर्ने व्यवस्था गर्ने,
- सरुवा कर्मचारी पठाउने काममात्र होइन, यो त संस्थाको कार्यसम्पादन गराउन योग्य कर्मचारी छनोट गर्ने कार्य पनि हो, त्यसकारण योग्य र सक्षम व्यक्तिले सही समयमा सही स्थान प्राप्त गरेमा मात्र संस्थाको उद्देश्य र कर्मचारीको माग पूरा हुन्छ ।
- त्यसकारण सरुवा मानवीय संवेदनशीलता बुझेर गर्नुपर्ने देखिन्छ । यसबाट मात्र सरुवाको उद्देश्य पूरा हुने अपेक्षा गर्न सकिन्छ ।

४. **नेपालको संविधानमा पर्यटनसम्बन्धी के-कस्तो नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा ५१ (ठ) मा पर्यटनसम्बन्धी नीतिगत व्यवस्था छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- नेपालका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्त्विक र प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, प्रवर्द्धन एवम् प्रचार प्रसार गर्ने,
- राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने,
- पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL